# आलिताल गाउँपालिका
## डडेल्धुरा

### दशौं गाउँसभा तथा पाँचौं बजेट अधिबेशन
### २०७८ असार १० मा प्रस्तुत

## आ.व. २०७८/०७९ को नीति, कार्यक्रम तथा बजेट

आलिताल गाउँपालिकाको
दशौं गाउँसभा तथा पाँचौं बजेट अधिबेशन
२०७८ असार १० मा प्रस्तुत
आ.व. २०७८/०७९ को नीति, कार्यक्रम तथा बजेट

देवभूमी आलिताल गाउँपालिकाको यस गरिमामय दशौं गाउँसभा तथा पाँचौं बजेट अधिवेशन कार्यक्रमका सभाध्यक्ष तथा गाउँपालिका अध्यक्ष ज्यू, सम्पूर्ण वडा अध्यक्ष ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू, कार्यपालिका सदस्य ज्यूहरु, गाउँसभाका सम्पूर्ण सभासद तथा वडा सदस्य साथीहरु, वडा सचिव ज्यू हरु, विषयगत कार्यालयका प्रमुख एवं प्रतिनिधि ज्यूहरु, विभिन्न सहयोगी तथा दातृ निकाय तथा संघसंस्थाका प्रतिनिधी ज्युहरु, पत्रकार मित्रहरु, सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधिहरु, गाउँपालिकाका कर्मचारी लगायत उपस्थित सम्पूर्ण महानुभावहरु,

नेपालको गणतान्त्रिक संविधान २०७२ बमोजिम २०७४ साल असार १४ गते सम्पन्न स्थानीयतह निर्वाचनमा जनताबाट हामी निर्वाचित भएको अहिले चार वर्ष पूरा भएको छ र हामी निर्वाचित अवधिको यो अन्तिम तथा पाँचौं बर्षको नीति, कार्यक्रम तथा बजेट प्रस्तुत् गरिरहेका छौं, यस अवसरमा म सम्पूर्ण आलिताल गाउँपालिकाबासीमा सबै जनप्रतिनीधिहरुको तर्फबाट हार्दिक कृतज्ञता सहित धन्यबाद व्यक्त गर्न चाहन्छु । साथै हामी सबैले एकता र मर्यादाका साथ समन्वय र सहकार्य गर्दै यस पुर्व चार वटा बजेट सफलताका साथ कार्यान्वयन गर्दै गाउँपालिकाको समग्र विकास र समृद्धिका विविध क्षेत्रमा थुप्रै कामहरु सम्पन्न गरेका छौं र आम नागरिकहरुलाई सुशासन, विकास र परिवर्तनको आभास दिलाउन सफल भएका छौं । आज फेरी, आलिताल गाउँपालिकाबासी सबै नागरिकहरुलाई सर्व सुलभ सेवा प्रवाह, सुशासनको प्रत्याभूतिका साथै गाउंपालिकाको सामाजिक, आर्थिक तथा भौतिक विकास र आम नागरिकहरुको समृद्धिको परिकल्पना सहित आ.व. २०७८/०७९ को नीति, कार्यक्रम तथा बजेट तर्जूमा गरि गाउं कार्यपालिकाको तर्फबाट, बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैषियतले यस गरिमामय गाउँसभामा प्रस्तुत गर्न पाउँदा साह्रै गौरवान्वित भएको छु । म यस घडीमा, नेपाली राष्ट्रियता, स्वाभिमान, लोकतान्त्रिक गणतन्त्र र मानव अधिकार प्राप्तिको आन्दोलनका विभिन्न कालखण्डमा जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक भावपूर्ण श्रद्धान्जली अर्पण गर्न चाहन्छु । राष्ट्रिय स्वाधीनता र स्वाभिमान, लोकतन्त्र, सङ्घीयता, सुशासन, समृद्धि र मौलिक हक अधिकार प्राप्तिका लागि भएका आन्दोलन र क्रान्तिको नेतृत्व गर्ने अग्रज नेताहरु, नागरिक समाज, सञ्चार जगत र सहभागी सबै जनसमुदायलाई उच्च सम्मान प्रकट गर्दै हार्दिक बधाई र धान्यवाद व्यक्त गर्दछु ।

नेपालको संविधान-२०७२ घोषणा भई कार्यान्वयनमा आए संगै तिनवटै तहका निर्वाचन सम्पन्न भए पश्चात् लामो समयको राजनीतिक संक्रमणकालको अन्त्य संगै देश राजनीतिक स्थिरतातर्फ उन्मुख भएको र हामीले राजनीतिक क्षेत्रमा ऐतिहासिक फड्को मारेको अनुमान गरेका थियौं, तर बाह्य शक्तिहरुको चलखेल र नेपालका राजनैतिक दलहरुको सत्तामोह र आपसी कलहका कारण हामीले परिकल्पना गरेको राजनीतिक स्थिरता, सुशासन, विकास र सम्बृद्धीमा फेरी कुठाराघात हुनपुगेको तीतो यथार्त हामी सबैलाई अवगत्नै छ ।

स्थानीय तहको निर्वाचन, स्थानीय सरकार सञ्चालन र स्थानीय विकास निर्माणको अभियानमा प्रत्येक नागरिकहरु स्वयं संलग्न हुन सक्ने वातावरण बन्ने कुरामा हामी विश्वस्त र आशावादी भएका थियौं । विविध जटिलताहरुका माझमा पनि यो समयलाई आर्थिक तथा सामाजिक रुपान्तरणको अवसरको रुपमा उपयोग गर्दै समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो साझा परिकल्पना हो । यसका लागि हामी जनप्रतिनिधी, राष्ट्रसेवक, सञ्चारजगत लगायत सम्पुर्ण नागरिक समाज बीच एकता, आपसी विश्वास र सहकार्यको बलियो आधार हुन जरुरी छ । राष्ट्रियता, मानवअधिकार, सुशासन, सामाजिक न्याय, समृद्धि र विकासका पक्षमा आलिताल गाउँपालिकाको स्थानीय सरकार सधैं समर्पित र प्रतिबद्ध छ । जनताको स्वाभिमान र आर्थिक समृद्धिका लागि जनमुखी प्रशासन, सामाजिक सुरक्षा र न्याय तथा विकास निर्माणमा जनताको प्रत्यक्ष सहभागीता एवं जन-लेखापरीक्षण र पारदर्शिता लगायत लोककल्याणकारी राज्य व्यवस्थाप्रति पनि आलिताल गाउँ कार्यपालिका सदैव सचेत र प्रतिवद्ध रहेको कुरा म यस सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु ।

आदरणिय सभाध्यक्ष ज्यु तथा सभासद् मित्रहरु,

गत बर्ष देखि विश्वनै नोबेल कोरोना भाईरस (कोभिड-१९) महामारी बाट आतंकित भैरहेको र हाम्रो देश, समाज र हाम्रो अर्थतन्त्र पनि कोरोना महामारीबाट नराम्रो संग प्रभावित हुन पुगेको छ । हामी सबै गत बर्ष देखि कोरोना भाईरस संक्रमण रोकथाम, निगन्त्रण र व्यवस्थापनको काममा निरन्तर लागिरहेका छौं, हाम्रो अथक सामुहिक प्रयासबाट हाम्रो गाउँपालिकामा कोरोना संक्रमणलाई रोकथाम तथा नियन्त्रण गर्न पुर्ण सफल पनि भएका छौं । यस अवधीमा हामीले कोरोना भाईरसको बारेमा समुदाय तथा जनस्तर सम्म व्यापक जनचेतनामूलक कार्यक्रमहरु गर्‍यौं, मेडिकल सामाग्रीको चरम अभावका बाबजुद पनि आवश्यक मेडिकल सामाग्री व्यवस्थापन गर्नुका साथै गाउँपालिकाबाटै किट खरिद गरेर पनि स्थानीय स्तरमै आवश्यक्तानुसार आरडीटी, पिसीआर, एन्टीजिन परीक्षण कार्य निरन्तर गर्‍यौं र गरिरहेका छौं, त्यसैगरि गत् बर्ष गाउँपालिका र विभिन्न दाता, संघसंस्थाहरुको सहयोग तथा समन्वयमा

लकडाउनका कारण खाद्य संकटमा रहेका १ हजार भन्दा बढी विपन्न घरपरिवार र करिब २०० जना बाह्रय मजदुरहरुलाई विभिन्न खाद्यसामाग्रीहरु राहत स्वरुप उपलब्ध गराई खाद्यसंकट टारेका थियौं । त्यसैगरि हाम्रो गाउँपालिकाबाट भारत लगायत तेश्रो मुलुकमा रहेका प्रवासी नागरिकहरुको तथ्यांक संकलन र अद्यावधिक गऱ्यौं, स्थानीय विद्यालयहरुमा क्वारेन्टीन व्यवस्थापन गरि प्रबास तथा बाह्रय ठाउँबाट फर्केका एकहजार भन्दा बढी नागरिकहरुलाई अनिवार्य क्वारेन्टीनमा राखि उनीहरुको आरडीटी र पिसिआर परीक्षण पछि रिपोर्टको आधारमा घर पठाउने व्यवस्था मिलाई महामारी संक्रमण रोकथाम र नियन्त्रणमा महत्वपुर्ण सफलता हांसिल गऱ्यौं । यस कार्यमा हामीलाई बिभिन्न किसिमले सहयोग पुऱ्याउने नेपाल सरकार, सुदुरपश्चिम प्रदेश सरकार, विभिन्न निकाय, संघ संस्था, सहयोगदाता, जनप्रतिननिधी, स्वास्थ्यकर्मी, कर्मचारी, सुरक्षाकर्मी, स्वयंसेवक, सञ्चारकर्मी, नागरिक समाज सबै प्रति यस अवसरमा म गाउँ कार्यपालिकाको तर्फबाट हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु ।

चालु बर्षमा पनि दोश्रो भेरियन्टको कोरोना भाईरस संक्रमण रोकथाम, नियन्त्रण तथा व्यवस्थापनमा हामी सफल भएका छौं र आगामी दिनहरुमा आउन सक्ने जटिलताका लागि पनि हाम्रो तयारी र प्रयासहरु निरन्तर जारी छन् । नागरिकको जीवन रक्षा नै सबैभन्दा प्रमुख प्राथमिकताको विषय भएको कुरा महशुष गर्दै गत् बैशाख देखि अन्य महत्वपूर्ण कामहरु समेत थाँती खाखेर हामी सबै कोरोना महामारी संक्रमण रोकथाम, नियन्त्रण र व्यवस्थापनमा निरन्तर लागि रहेका छौं । यस पछिल्लो अवधीमा हामीले गाउँपालिकामा दक्ष स्वास्थ्यकर्मी, अक्सिजन, अक्सिजन कन्सन्ट्रेटर, औषधी, खानपीन आदी सुविधा सहितको २० बेड आईसोलेसन वार्ड तयार गरेका छौं, भने नयाँ आईसोलेसन वार्ड भवन चांडै निर्माण सम्पन्न हुने क्रममा छ, साथै उक्त बार्ड व्यवस्थापनमा आवश्यक सहयोगकालागि दातृनिकाय युएनडीपी संग अनुरोध गरिएको छ । यसै गरि यस अवधीमा ३६८ जनाको पिसीआर, ५१ जनाको एन्टिजीन परीक्षण र ५४ जनाको आरडीटी परीक्षण गरिएको छ भने परीक्षण कार्य निरन्तर जारी राखिएको छ । साथै, परिक्षणबाट कोरोना संक्रमित तथा अस्वस्थ भएका बिरामी नागरिकहरुलाई यथाशीघ्र अस्पताल पुऱ्याउन निःशुल्क दुईवटा अक्सिजनयुक्त एम्बुलेन्स सेवा सञ्चालन गरिएको छ । यस अवधीमा १३४४ जनालाई कोरोना बिरुद्ध कोभिशील्ड भ्याक्सिन पहिलोमात्रा र १७५ जनालाई दुवैमात्रा, त्यसैगरि ११७ जनालाई भेरोसील खोप पहिलोमात्रा लगाईएको छ, भने नेपाल सरकारको कार्ययोजना अन्तर्गत् प्राप्तहुने खोप निरन्तर जारी छ । यस बर्षमा पनि नयाँ भेरियन्टको कोरोना संक्रमण रोकथाम नियन्त्रण व्यवस्थापन कार्यमा विभिन्न संघसंस्था र व्यक्तित्वहरुबाट हामीलाई अक्सिजन लगायत विभिन्न मेडिकल सामाग्रीहरु सहयोग स्वरुप प्राप्त भएकोछ, म

वहाँहरु सबै सहयोगदातालाई गाउँपालिकाको तर्फबाट सम्मानपत्र र दोसल्लाले सम्मान गर्नेगरि हार्दिक कृतज्ञता सहित धन्यवाद दिन चाहन्छु ।

आदरणिय सभाध्यक्ष ज्यु तथा सभासद् मित्रहरु,

हामीले गाउँपालिकाको आगामी आ.व. २०७८/०७९ को नीति कार्यक्रम तथा बजेट तर्जुमा गर्दैगर्दा, विद्यमान दोश्रो भेरियन्टको कोरोना महामारीको आतंक र सरकारबाट जारी निषेधाज्ञाको कारण बेरोजगारी, महंगी र व्यवसायिक घाटाको मार खेपीरहेको हाम्रो समुदायलाई सबैभन्दा पहिला महामारीको संक्रमणबाट बचाउन जरुरी छ, भने त्यसपछि बेरोजगार रहेका युवा जनशक्ति र किषानहरुलाई प्रत्यक्षरुपले स्वरोजगार तथा आयआर्जनका क्रियाकलापमा संलग्न गरि समुदायको आर्थिक हैषियत कायम राख्न उत्तिकै जरुरी छ । त्यसकारण विद्यमान कृषि प्रणालीलाई बढी उत्पादनशील र व्यवसायिक बनाउदै गाउँपालिकामा कृषिक्रान्तीको रुपमा विभिन्न कृषिवाली उत्पादन, पशुपंक्षी पालन, लघु तथा घरेलु उद्यम लगायत अन्य विविध स्वरोजगारमूलक र आयमूलक योजना तथा कार्यक्रमहरु सञ्चालन गर्न अतिआवश्यक छ । जसको पहिलो लक्षितवर्गको रुपमा प्रवासबाट फर्केका, बेरोजगार युवाहरुलाई आबद्ध गर्न जरुरी छ र उनीहरुले विदेशीभूमीमा प्रदान गरिरहेको उर्जा र दक्षतालाई स्थानीय उत्पादन र आयआर्जनमा प्रयोग गर्न आवश्यक छ, जसबाट हाम्रो गाउँपालिका कोरोना महामारीको विपद् संगै चलायमान हुन सक्नेछ ।
यसै गरि लामो अन्तराल सम्म आफ्नो नियमित अध्ययन तथा सिकाई क्रियाकलापबाट विमुख हुन पुगेका हजारौं वालवालिकाहरुलाई नियमित शिक्षण सिकाई क्रियाकलापमा फर्काउन अति आवश्यक भएको छ । त्यसकारण, यी सबैकुराहरु मनन् र बिशलेषण गर्दै हामीले गाउँपालिकाको आ.व. २०७८/०७९ को नीति, कार्यक्रम तथा बजेट निर्माण गर्ने कोशिस गरेका छौं, र हाम्रो आगामी आर्थिक बर्ष नयाँ भौतिक पूर्वाधारहरु निर्माणमा भन्दा निर्मित भौतिक संरचनाहरुको सम्बर्द्धन गर्ने र विभिन्न कारणले अधुरा रहन गएका योजनाहरुलाई सम्पन्न गर्दै, बिशेषतः शिक्षा, स्वास्थ्य, विपद् व्यवस्थापन, रोजगारी प्रबर्द्धन एवं हाम्रा समुदायहरुको आर्थिक पूर्वाधारहरुको प्रबर्द्धन तथा विकासमा केन्द्रीत रहेको, यो बजेट समुदायको आवश्यक्ता र माँगमा आधारित सामाजिक तथा आर्थिक पुर्नरोत्थानका कार्यक्रमहरुमा लक्षित रहने, संघीय तथा प्रदेश सरकार र विभिन्न दातृ निकायहरु एवं संघ संस्थाहरु संगको साझेदारी तथा सहकार्यमा कार्यान्वयन गर्ने लक्ष्य राखिएको कुरा म यस गरिमामय सभालाई अवगत गराउन चाहन्छु ।

आदरणिय सभाध्यक्ष ज्यु तथा सभासद् मित्रहरु,

सर्वप्रथम त म यस आलिताल गाउँपालिकाको संक्षिप्त परिचय प्रस्तुत गर्दछु ।

- नेपालको संविधान २०७२ बमोजिम गठन भएका स्थानीयतहमध्ये डडेल्धुरा जिल्लाको साविकका २ वटा गा.वि.स.हरु गाङ्खेत र आलिताल मिली बनेको यस आलिताल गाउँपालिकामा ८ वटा वडा रहेका छन ।
- डडेल्धुरा जिल्लाका गाउँपालिका मध्ये यो गाउँपालिका क्षेत्रफलमा सबैभन्दा ठूलोर जनसंख्यामा दोस्रो स्थानमा पर्दछ ।
- यसको पूर्वमा डोटी जिल्ला, पश्चिममा परशुराम नगरपालिका, उत्तरमा अमरगढी नगरपालिका र भागेश्वर गाउँपालिका र दक्षिणमा कैलाली र कञ्चनपुर जिल्ला अवस्थित छन । यस गाउँपालिकाको केन्द्र साविक आलिताल गा.वि.स.को कार्यालय रहेको स्थानमा छ, र हाल आलिताल-५ भिमदत्तपुर नामाकरण गरेका छौं ।
- वि.सं.२०६८ को जनगणना अनुसार यहाँको जनसंख्या १८५३१ रहेको छ, जसमध्ये ८९४६ जना पुरुष र ९५८५ जना महिला रहेका छन भने परिवार संख्या ३२८० रहेको छ । अव हुन गईरहेको जनगणना २०७८ मा यस गाउँपालिकाको जनसंख्या २५ प्रतिशत् भन्दा बढीले बृद्धी हुने अनुमान छ ।
- ८०°२६' देखि ८०°३७' उत्तरी अक्षांशसम्म र २८°५९' देखि २९°१४' पूर्वी देशान्तर सम्म फैलिएको यस गाउँपालिकाको क्षेत्रफल २९२.८७ वर्ग कि.मि. रहेको छ ।
- यस गाउँपालिकामा सबैभन्दा धेरै डोटेली भाषी, दोस्रो नेपाली र तेस्रोमा मगर भाषा बोल्नेको बाहुल्यता रहेको छ भने जातजातिको हिसाबले यहाँ क्षेत्री पहिलो, मगर जनजाती दोस्रो र दलित तेस्रो रहेको पाईन्छ ।
- ६५.९२ प्रतिशत साक्षरता रहेको यस गाउँपालिकामा पुरुष साक्षरता ७७.४२ प्रतिशत र महिला साक्षरता ५५.३२ रहेको पाईन्छ ।
- यस गाउँपालिकाको नाम यस क्षेत्रकै ठूलो र प्रसिद्ध ताल "आलिताल" को नामबाट रहन गएको हो जुन हाल वडा नं. ३ अन्तर्गत अवस्थित छ ।
- यहाँका प्रमुख चाड पर्वहरुमा दशैं, तिहार, गौरा पर्व, तीज, महाशिवरात्री पर्व, माघे सक्रान्ति आदी पर्दछन् ।

आदरणिय सभाध्यक्ष ज्यु तथा सभासद् मित्रहरु,

अब म गाउँपालिकाको नीति, कार्यक्रम तथा बजेट तर्जुमा तथा प्राथमिकिकरणका आधारहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- नेपालको संविधानका नेपालको संविधानमा उल्लिखित मौलिक हकहरु, राज्यका निर्देशक सिद्धान्तहरु तथा नीतिहरु,

- नेपालको संविधानको अनुसूचि ८ र ९ मा उल्लिखित स्थानीय तहको एकल तथा साझा अधिकारको सूचि,
- नेपालको संविधान भाग ४ अन्तर्गतका राज्यका आर्थिक, सामाजिक विकास, प्राकृतिक स्रोतको उपयोग, वातावरण संरक्षण सम्बन्धी नीतिहरु, धारा ५९ को आर्थिक अधिकार, भाग १९ को आर्थिक कार्यप्रणाली,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- स्थानीय तहको योजना तथा बजेट तर्जूमा दिग्दर्शन, २०७४ (परिमार्जित)
- स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४
- संघीय सरकार तथा प्रदेश सरकारबाट आ.व. २०७८/०७९ को लागि प्रस्तुत नीति, कार्यक्रम तथा बजेट
- संघीय सरकार तथा प्रदेश सरकारका विभिन्न श्रोतबाट आ.व. २०७८/०७९ को लागि हाम्रो गाउंपालिकालाई प्राप्त हुने कार्यक्रम तथा बजेटको सिलिङ ।
- नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरणको प्रतिवेदन,
- संघीय सरकारले अंगिकार गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु,
- संघीय सरकारले अबलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु,
- आलिताल गाउँपालिकाको आवधिक योजनाले तय गरेका प्राथमिकताहरु,
- नेपालले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिवद्धता, विभिन्न सन्धी सम्झौताहरु,
- न्यायलयबाट विभिन्न समयमा प्रतिपादन भएका न्यायिक नजीर, सार्वजनिक महत्वका आदेश तथा फैसलाहरु
- पन्ध्रौं आवधिक योजनाको आधारपत्र,
- दिगो विकास लक्ष्य,
- कोभिड-१९ संक्रमण रोकथाम, नियन्त्रण र व्यवस्थापन सम्बन्धमा, संघीय र प्रदेश सरकारबाट जारी गरिएका निर्देशिका तथा कार्यविधीहरु, निर्णयहरु लगायत गाउँ कार्यपालिकाबाट पारित भई लागु गरिएका कार्यविधी र निर्णयहरु,
- विकासका समसामयिक मुद्दाहरु जस्तै सुशासन, सामाजिक संरक्षण, जलवायु परिवर्तन र विपद् व्यवस्थापन,खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक सशक्तीकरण तथा समावेशी विकास,वातावरण मैत्री विकास,शुद्ध खानेपानी तथा पूर्ण सरसफाइ, उर्जा संकट लगायतका अन्तरसम्बन्धित बिषयहरु ।

- स्थानीय तहको मध्यमकालिन खर्च संरचना (एमटीईएफ) अनुरुप प्रथमिकतामा परेका कार्यक्रमहरु,
- गाउँ कार्यपालिकाले आवश्यक देखेका अन्य बिषयहरु,

आदरणिय सभाध्यक्ष ज्यु तथा सभासद् मित्रहरु,

अव म, योजना/कार्यक्रम प्राथमिकिकरणका आधारहरु प्रस्तुत गर्दछु :

- कोभिड-१९ संक्रमण रोकथाम, नियन्त्रण तथा व्यवस्थापन लगायत यसको प्रभाव न्यूनिकरण गर्न मद्दत पुग्ने,
- आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने,
- उत्पादनमूलक र छिटो प्रतिफल दिने ,
- राजस्व परिचालनमा योगदान पुऱ्याउने,
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुऱ्याउने,
- स्थानीय स्रोत साधनमा आधारित भई जनसहभागिताका अभिवृद्धि गर्ने,
- लैङ्गिक समानता, सामाजिक समावेशीकरणको अभिवृद्धि हुने,
- दिगो विकास, वातावरण संरक्षण र विपद् व्यवस्थापनमा योगदान पुऱ्याउने,
- समुदायलाई विपद् तथा जलवायु परिवर्तन उत्थानशिल बनाउने,
- परम्परागत धर्म संस्कृति, चाडपर्व मेला आदिको माध्यमबाट संस्कृति र पहिचान प्रवर्द्धन गर्ने,
- गाउँ कार्यपालिकाले आवश्यक देखेका अन्य विषयहरु,

आदरणिय सभाध्यक्ष ज्यु तथा सभासद् मित्रहरु,

यस आलिताल गाउँपालिकामा देखिएका केही अवसरहरु प्रस्तुत गर्न चाहन्छु,

- प्राकृतिक स्रोत साधनहरु जस्तै बन पैदावार, नदीजन्य पदार्थः ढुङ्गा, गिट्टी, बालुवा आदीको सदुपयोगबाट स्थानीय स्तरमा रोजगारी प्रबर्द्धनका साथै आर्थिक विकास गर्न सकिने ।
- आलिताल, महाभारत भागेश्वर, घण्टेश्वर क्षेत्र, जोसिना झरना, शहीद भीमदत्त पन्तको बीरगति प्राप्त स्थान गल्लेक लगायत विभिन्न देवी देवताका मन्दिर रहेका ठाउँहरुलाई ऐतिहासिक तथा धार्मिक पर्यटन क्षेत्रको रुपमा विकास गरी पर्यटन प्रवर्द्धन सम्बन्धी विभिन्न कार्यक्रमहरु कार्यान्वयन गर्न सकिने ।
- आधुनिक तथा व्यवसायिक कृषि जस्तै केरा तथा अन्य फलफूल खेति, तरकारी खेति, सला खेती, भैंसीपालन, जर्सिगाईपालन, बाख्रापालन, कुखुरापालन, मौरीपालन, मत्स्यपालन लगायत अन्य कृषि तथा पशुजन्य व्यवसायकालागि पकेट

तथा ब्लकको रुपमा कार्यान्वयन तथा विकास गर्न सकिने, साथै यस्ता कृयाकलापमा प्रबासबाट फर्केका र बेरोजगार युवा जनशक्तिलाई आबद्ध गराई रोजगारी श्रृजनाका साथै उत्पादन र उत्पादकत्व बृद्धी गर्न सकिने,

- वन पैदावारमा आधारित काष्ठ तथा गैरकाष्ठ उद्योगहरुको स्थापना, सञ्चालन तथा विकास गरि रोजगारी श्रृजना गर्न सकिने, आदि ।

आदरणिय सभाध्यक्ष ज्यु तथा सभासद् मित्रहरु,

यी सबै अवसरहरु हुँदाहुँदै पनि यस आलिताल गाउँपालिकाको विकासमा तमाम समस्या र चुनौतिहरु पनि रहेका छन्, जुन यस प्रकार छन् ।

- बिकट तथा अप्ठेरो भौगोलिक बनावट (दुर्गम डांडा पाखा–पहरा, खहरेखोला, चुरे क्षेत्रको कमजोर सतहयुक्त जमिन),
- स्तरीय तथा पक्की सडक नहुनु र यातायातको प्रर्याप्त सुविधा नहुनु,
- स्थानीय प्राकृतिक स्रोत साधनको उपयोग हुन नसक्नु,
- विभिन्न कानुनी जटिलता एवं झणझट,
- जनचेतना स्तरमा कमी,
- संघीयता पुर्णरुपमा संस्थागत् हुन नसक्नु,
- इमान्दारिता र इच्छाशक्तिको कमी,
- कृषि प्रणाली व्यवसायिक नहुनु र स्थानीय उत्पादनले उचित बजार नपाउनु,
- सार्वजनिक निर्माणको लागि पर्याप्त बजेटको कमी,
- विद्युत तथा सञ्चार सुविधामा कमी,
- रोजगारीका अवसर श्रृजना हुन नसक्नु,
- दक्ष कर्मचारी तथा मानवस्रोतको कमी, आदी ।

आदरणिय सभाध्यक्ष ज्यु तथा सभासद् मित्रहरु,

हाम्रा सामु विभिन्न चुनौतिहरु रहेता पनि विद्यमान अवसरहरु तथा उपलब्ध श्रोत साधनहरुको उच्चतम् सदुपयोग गर्दै कोरोना महामारी संक्रमणको जोखिमबाट आक्रान्त समाजलाई आर्थिक पुर्नरोत्थानको बाटोमा अघि बढाउने गरी गाउँपालिकाको आ. ब. २०७८/०७९ को नीति तथा कार्यक्रमहरु तर्जुमा गरिएको छ । आवश्यक छलफल तथा सुझाव सहित अनुमोदनका लागि विभिन्न विषयगत् नीति, कार्यक्रम तथा बजेट यस गरिमामय सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**१. सुशासन तथा सेवा प्रवाह :**

- यस गाउँ कार्यपालिका तथा गाउँसभामा प्रतिनिधित्व गर्ने राजनीतिक दल तथा जनप्रतिनिधीहरु बीच कायम रहदै आएको आपसी सहमति, सहकार्य र कार्यगत् एकतालाई प्रोत्साहित गर्दै हरेक बिषयहरुमा सर्वसम्मतरुपमा निर्णय गर्ने एवं कार्यान्वयन गर्ने परिपाटीलाई निरन्तरता दिईनेछ ।
- नागरिकहरुलाई छिटो छरितो र स्थानीय स्तरमै सेवा प्रवाह गर्न गाउँपालिकाका ८ वटै वडा कार्यालयहरुलाई थप व्यवस्थित गर्दै लगिने छ, र सेवा प्रवाहलाई अझ प्रभावकारी बनाईनेछ ।
- गाउँपालिका कार्यालय तथा अन्तर्गतका प्रशासनिक, आर्थिक तथा विभिन्न विषयगत् शाखाहरु थप व्यवस्थापन गरि छिटो छरितो र प्रभावकारीसेवा प्रवाह गर्न गाउँपालिका परिसरमा कार्यालय भवन र बैठक कक्ष, तालिमहल लगायत अन्य आवश्यक भौतिक संरचनाहरु निर्माण तथा सुधार गर्ने कार्य लाई निरन्तरता दिईनेछ ।
- गाउँपालिका अन्तर्गत् सञ्चालन हुने विभिन्न योजना तथा कार्यक्रमहरुमा पारदर्शिता र जवाफदेहिता कायम गर्न नियमित अनुगमन, सार्वजनिक सुनुवाई, सामाजिक लेखापरीक्षण लगायत स्थानीय मिडियाहरु र अन्य माध्यमहरु मार्फत सार्वजनिक गर्ने व्यवस्था गरिनेछ ।
- गाउँपालिका कार्यालय र वडा कार्यालयहरुमा नागरिक वडापत्र, सुझाव पेटिका, गाउँपालिका तथा सम्बन्धित वडाको कार्यक्रम तथा बजेटको होर्डिङ्ग बोर्ड, सञ्चालित योजना स्थलहरुमा योजना सूचना बोर्ड राखी पारदर्शिता कायम गर्ने कार्यलाई निरन्तरता दिंदै प्रभावकारी बनाईनेछ ।
- गाउँपालिका र संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (युएनडीपी) को साझेदारीमा यस आ.व.मा सञ्चालित "सुशासन तथा जीविकोपार्जन प्रबर्द्धन परियोजना"आगामी आ.व.मा पनि गाउँपालिका र युएनडीपीको ५०-५० प्रतिशत लागत साझेदारीमा **"कोभिड १९ सामाजिक आर्थिक पुर्नरोत्थान परियोजना"** को रूपमा सञ्चालन गरिनेछ ।
- स्थानीय सहकारी, बाल क्लब, युवा क्लब, आमा समुह, विभिन्न सामुदायिक संघ संस्था र गैससहरुलाई कार्यक्रम सञ्चालनका लागि प्रोत्साहित गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरु मार्फत सञ्चालन हुने कार्यक्रमहरु एकद्वार प्रणाली नीति अवलम्बन गरी गाउँपालिकाबाट अनुगमन तथा नियमन गर्ने कार्यलाई थप प्रभावकारी बनाईनेछ ।
- समाजमा विद्यमान विकृति, विसंगति, कुरीति, कुसंस्कार, भ्रष्टाचार, घरेलुहिंसा जस्ता अमानवीय र सामाजिक हित विपरित हुने क्रियाकलापहरुको अन्त्य गरी

भयमुक्त, न्यायपूर्ण र समानतायुक्त समाजको निर्माणका लागि आवश्यक नीति नियम बनाई कार्यान्वयन गरिनेछ ।

- सु–शासनमा जनप्रतिनिधीहरु लगायत कर्मचारी र स्थानीय युवा तथा अगुवा समाजसेवीहरुको भूमिका प्रोत्साहित गर्न आवश्यक तालिम, अध्ययन, अवलोकन कार्यक्रमहरु संचालन गरिनेछन् ।
- विभिन्न योजना कार्यान्वयन पूर्व उपभोक्ता समितिका पदाधिकारीहरुलाई योजना कार्यान्वयन सम्बन्धी अभिमुखीकरण अनिवार्य गरिनेछ ।
- हरेक योजना कार्यक्रमको नियमित अनुगमन, मुल्यांकन तथा सामाजिक परीक्षण गर्ने कार्यलाई अझ प्रभावकारी बनाईनेछ ।
- जिल्ला स्तरमा उपलब्धहुने विभिन्न प्रशासनिक सेवाहरु स्थानीय स्तरमै उपलब्ध गराउन सम्बन्धित सरकारी निकायहरु संग समन्वय गरि एकिकृत घुम्ति शिविर कार्यक्रम सञ्चालन गरिनेछ ।
- कोभिड–१९ संक्रमण रोकथाम, नियन्त्रण तथा व्यवस्थापन कार्यलाई उच्च प्राथमिकता दिईनेछ ।

## २. शिक्षा, युवा तथा खेलकुद विकासः

- गाउँपालिका अन्तरगतका सम्पूर्ण सामुदायिक विद्यालयहरु तथा समुदायमा सञ्चालित प्रारम्भिक बाल बिकास कक्षाहरुलाई निरन्तरता दिंदै थप व्यवस्थित गर्दै लगिनेछ ।
- नेपाल सरकारको आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रममा, वाल विकास केन्द्रका सहयोगी कार्यकर्ता र विद्यालय कर्मचारीहरुको पारिश्रमिक स्थानीय तह संगको समन्वयमा मासिक रु. १५ हजार पुर्‍याउने भनिएतापनि सो बमोजिम बजेट व्यवस्था नभएको हुँदा सो सम्बन्धमा गाउँपालिका राष्ट्रिय महासंघले असहमति जनाउदै नेपाल सरकार समक्ष ज्ञापनपत्र बुझाएको अवस्था छ, सो सम्बन्धमा नेपाल सरकारबाट स्पष्ट नभए सम्म सबै सहयोगी कार्यकर्ताहरुले खाईपाई आएको पारिश्रमिकमा मासिक रु. २ हजार बृद्धी गरि उपलब्ध गराईनेछ ।
- आ.व. २०७५/०७६ देखि विभिन्न विद्यालयहरुलाई शैक्षिक गुणस्तर सुधारको निमित्त शिक्षक कर्मचारी व्यवस्थापनको लागि गाउँपालिकाबाट उपलब्ध हुँदै आएको अनुदान सहयोगलाई निरन्तरता दिईनेछ । यस अन्तर्गतका शिक्षक कर्मचारीहरुले खाईपाई आएको पारिश्रमिकमा मासिक रु. २ हजार बृद्धी गरि उपलब्ध गराईनेछ ।

- समुदायको अवस्था बिशलेषण गरि नेपाल सरकारको नीति अनुसार विद्यालय समायोजन कार्यक्रमबारे समुदायलाई अभिप्रेरित गर्दै उच्च प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।
- शैक्षिक गुणस्तर सुधारका लागि प्र.अ., शिक्षक तथा कर्मचारीहरुलाई हरुलाई आवश्यक्तानुसार तालिम, गोष्ठी तथा अभिमुखिकरण कार्यक्रमहरु संचालन गरिनेछन् ।
- **"आलिताल: एक परिचय"** विषयक स्थानीय पाठ्यक्रम निर्माण गरि कार्यान्वयन गरिनेछ ।
- गाउंपालिकाको शिक्षा प्रोफायल निर्माण गरिनेछ ।
- गाउँ शिक्षा योजना निर्माण गरिनेछ र सोही बमोजिम शिक्षा सम्बन्धि योजना कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- विद्यालयहरुको भौतिक अवस्था अध्ययन गरी आवश्यकतानुसार भवन, घेरबार, फर्निचर, शौचालय, खानेपानी, खेल मैदान, पुस्तकालय, प्रयोगशाला आदि निर्माण तथा सुधार कार्यलाई निरन्तरता दिईनेछ ।
- शिक्षकहरुको पेशागत् मर्यादा र हकहित कायम गर्दै, गा.पा.मा विषयगत् शिक्षक समिति तथा बिषय बिज्ञहरु रहेको रोष्टर निर्माण गरि आवश्यक्तानुसार विद्यालय सुपरीबेक्षण गरिनेछ ।
- स्थानीय स्तरमा प्राविधिक तथा उच्च शिक्षा हासिल गर्ने अवसर श्रृजना गर्न यस गाउँपालिकामा वहु-प्राविधिक शिक्षालय एवं आंगिक क्याम्पस स्थापनाकालागि सम्बन्धित निकायमा मांग एवं पहल गरिनेछ ।
- प्रत्येक वडामा कम्तीमा पनि एक-एक वटा विद्यालय छनौट गरि नमूना विद्यालयको रुपमा विकासगर्न नमूना विद्यालय कार्यक्रम सञ्चालन गरिनेछ ।
- आलिताल खेलमैदान निर्माण योजनाको बिस्तृत परियोजना प्रतिबेदन (डीपीआर) तयार गरि सम्बन्धित निकायमा बजेट मांग गरिनेछ ।
- गाउँपालिकामा आबधिक रुपमा विभिन्न खालका खेलकुद प्रतियोगिताहरु आयोजना गरी उत्कृष्ट खेलाडीहरुलाई सम्मान तथा पुरुस्कृत गर्दै खेलाडीहरुको प्रतिभा विकास गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- गाउंपालिका स्तरीय राष्ट्रपति रनिङ्ग शील्ड प्रतियोगिता-२०७८, र अध्यक्ष कप भलिबल प्रतियोगिता-२०७८ प्रर्याप्त तयारीका साथ व्यवस्थित र भब्य रुपमा आयोजना गरि सम्पन्न गरिनेछ ।

- गा.पा.स्तरीय खेलकुद विकास समितिको अधिवेशन गरि खेलकुद विकास समिति चयन गरिनेछ, र समिति मार्फत खेलकुद सम्बन्धि विविध गतिविधिहरु सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ ।
- गाउंपालिका अन्तर्गत सबै मा. वि. हरुमा सञ्चालित खेल प्रशिक्षण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- विद्यालय खाजा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

### ३. जनस्वास्थ्य सेवाः

- कोभिड-१९ संक्रमण रोकथाम, नियन्त्रण तथा व्यवस्थापन अन्तर्गत् एण्टिजिन तथा पीसीआर परीक्षण, आईसोलेसन व्यवस्थापन, कोरोना बिरुद्ध खोप अभियान लगायत अन्य प्रतिरोधात्मक र उपचारात्मक कार्यलाई उच्च प्राथमिकता दिई कार्यान्वयन गरिनेछ ।
- कोभिड-१९ रोकथाम नियन्त्रणको अग्रपंक्तीमा खटिई काम गर्ने स्वास्थ्यकर्मी तथा कर्मचारीहरुको कार्यको जोखिमताको आधारमा कार्यविधी बनाई थप प्रोत्साहन भत्ता र निःशुल्क स्वास्थ्य बीमाको व्यवस्था गरिनेछ ।
- २ बर्ष मुनिका सबै वालवालिकाहरु लाई पूर्णखोपको सुनिश्चितता गरि गाउंपालिकालाई पूर्णखोपयुक्त पालिका घोषण गरिनेछ ।
- समुदायस्तरमा स्वास्थ्य सेवामा महत्वपूर्ण योगदान पुऱ्याउदै आएका महिला स्वास्थ्य स्वयम् सेविकाहरुको निःशुल्क स्वास्थ्य बीमा गरिनेछ । साथै उनीहरुको उत्प्रेरणा, हौसला र क्षमता अभिवृद्धिकालागि अभिमुखिकरण, तालिम लगायत पोशाक, मोबाईल, झोला, छाता आदी आवश्यक योजना तथा कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- वडा नं. ४ को आधारभूत स्वास्थ्य सेवा केन्द्रलाई थप सुविधा सहितको स्तरीय बर्थिङ्ग सेन्टरको रुपमा विकास गरिनेछ ।
- नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सहयोगमा आलिताल स्वास्थ्यचौकीमा सञ्चालित दश शैयाको अस्पताल भवन निर्माणकार्य सम्पन्न गरि सेवा सञ्चालन प्रकृया अघि बढाईनेछ ।
- एम्बुलेन्स सेवालाई थप व्यवस्थित र सर्वसुलभ बनाईनेछ ।
- गाउँपालिका अन्तरगत सबै वडामा सञ्चालनमा रहेका स्वास्थ्य सेवा केन्द्र एवं बर्थिङ्ग सेन्टरहरुलाई थप व्यवस्थित र सुविधा सम्पन्न बनाउन विशेष जोड दिइनेछ, साथै आवश्यक्तानुसार स्वास्थ्य क्लिनिक तथा खोप केन्द्रहरु व्यवस्थापन गरी स्वास्थ्य सेवा सर्वसुलभ र भरपर्दो बनाउन बिशेष जोड दिईनेछ ।

- आलिताल र गांखेत स्वास्थ्यचौकीमा सञ्चालित अल्ट्रासाउण्ड तथा ल्याब सेवा थप व्यवस्थित र प्रभावकारी बनाईनेछ ।
- आबधिक रुपमा स्थानीय स्तरमा विभिन्न रोग सम्बन्धि बिशेषज्ञ डाक्टर सहितको स्वास्थ्य शिबिर संचालन कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- नेपाल सरकारले निःशुल्क गरेका सबै औषधी तथा स्वास्थ्य सेवाहरु अस्पताल तथा स्वास्थ्य केन्द्रहरुबाट निःशुल्क र सर्वसुलभ रुपमा उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।
- मुटु, मृगौला, क्यान्सर, प्यारालाईसिस, ट्युमर आदी जस्ता जटिल रोगबाट पीडित रोगीहरु तथा गम्भीर चोटपटकबाट घाईते नागरिकहरुको उपचारका लागि कार्यविधी बनाई सक्दो आर्थिक सहयोग उपलब्ध गराईनेछ र निःशुल्क उपचारकोलागि समेत सम्बन्धित निकायहरुमा आवश्यक पहल गरिनेछ ।
- अति विपन्न, अपांग, जेष्ठ नागरिक, एकल महिला/पुरुष तथा बेसहारा वर्गहरुका लागि निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था गर्न आवश्यक पहल गरिनेछ ।
- गाउँपालिका अन्तरगत रहेको आयुर्बेदिक औषधालयलाई डाक्टर सहित स्तरोन्नति गर्न र गुणस्तरीय आयुर्वेदिक विधिबाट स्वास्थ्य सेवा सञ्चालन गर्न आवश्यक पहल गरिनेछ ।
- बहुक्षेत्रीय पोषण कार्यक्रम **"उपाध्यक्ष कोशेली कार्यक्रम"** को रुपमा सञ्चालन गरिनेछ । यस अन्तर्गत् सुरक्षित मातृत्व कार्यक्रम, पोषण चौतारी कार्यक्रम, रंगुननदी वारीपारी-घरघर करेसाबारी, एकलमहिला-सबैभन्दा पहिला, पोषण मैत्री संस्था/टोल विकास जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

## ४. खानेपानी तथा सरसफाईः

- नेपाल सरकारको आगामी तीन वर्ष भित्र सबै जनतालाई आधारभूत स्तरको खानेपानी सुविधा उपलव्ध गराउने तथा दिगो विकास लक्ष नं ६ बमोजिम सन् २०३० भित्र कुल जनसंख्याको ५० प्रतिशतलाई स्वच्छ खानेपानी सुविधा उपलव्ध गराउने लक्ष्य पूरा गर्न खानेपानी सरसफाइ तथा स्वच्छता क्षेत्रको योजना तर्जुमा, बिद्यमान खानेपानी योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन, हालसम्म सो सुविधा पुग्न नसकेको क्षेत्रको पहिचान गरी समता मूलक तथा सहभागितात्मक पद्धति अवलम्बन गरी समन्वयात्मक एवम् पारदर्शी पद्धति अपनाई सेवा प्रदान गर्न गाउँपालिका स्तरमा खानेपानी, सरसफाइ स्वच्छता (वास) व्यवस्थापन बोर्ड स्थापना गरी सो मातहत वास युनिट मार्फत नयाँ योजना निर्माण तथा विद्यमान योजनाहरुको मर्मत सम्भारको सेवा प्रवाह गर्ने व्यवस्था मिलाइने छ ।

- गाउँपालिकाले तयार गरेको जलउपयोग गुरुयोजनालाई समीक्षा गर्दै विद्यमान सबै खाले खानेपानी, सिँचाई लगायतका जलस्रोतसँग सम्बन्धित योजनाहरुको सञ्चालन तथा व्यवस्थापकीय अवस्था अद्यावधिक गरी सबै समितिहरुलाई जलस्रोत नियमावली बमोजिम दर्ता एवम् अद्यावधिक र नवीकरण गर्ने व्यवस्था मिलाई गाउँपालिका स्तरमा सो क्षेत्रको सूचना व्यवस्थापन प्रणाली स्थापना गरिने छ ।
- गाउंपालिकाको समग्र खानेपानी, सरसफाई तथा स्वच्छता क्षेत्रको अवस्था सुनिश्चितता बिश्लेषण तथा योजना निर्माणका लागि N-WASH योजना निर्माण र आगामी ५ बर्षे रणनीतिक गुरुयोजना निर्माण गरिनेछ ।
- नेपाल सरकारको पूर्ण सरसफाइ निर्देशिका २०७५ एवम् गाउँपालिकाको वि.सं २०८० भित्र गाउँपालिकालाई पूर्ण सरसफाइयुक्त एवम् छाउगोठ मुक्त गाउँपालिका घोषणा गर्ने लक्ष्य बमोजिम गाउँपालिका भित्रका समुदाय तथा विद्यालयहरुलाई पूर्ण सरसफाइ उन्मुख बनाउन, कोभिड-१९ जस्ता महामारी र पानीजन्य रोगहरुबाट बच्न वडा तथा समुदायस्तरमा पूर्ण सरसफाइ अभियान सञ्चालन गरिनेछ । साथै मुहान, स्रोत एवम् घरायसी स्तरमा पानीको गुणस्तर परिक्षण तथा पानी शुद्धिकरण प्रबिधिको थालनी गरिनेछ ।
- ग्रामीण जलश्रोत व्यवस्थापन परियोजना लगायत, सरकारी तथा गैर सरकारी संघसंस्थाहरु सँगको समन्वय र सहकार्यमा दीर्घकालीन गुरुयोजना र आवश्यक्ता पहिचानको आधारमा गाउँपालिका अन्तर्गतका सम्पूर्ण टोल बस्तीहरुमा शुद्ध खानेपानी सेवा विस्तार गर्ने लगायत पूर्ण सरसफाई सम्बन्धि कार्यहरुलाई निरन्तरता दिदै थप प्रभावकारी बनाईनेछ ।
- गाउँपालिका अन्तरगत बिगतमा सञ्चालित खानेपानी योजनाहरुको मर्मत सम्भार तथा स्तरोन्नति गर्ने, साथै बस्ती स्तरको आवश्यक्ता र सम्भाब्यता अध्ययन गरी स-साना खालका खानेपानी योजनाहरु निर्माण गर्न समुदायलाई आवश्यक सहयोग गरिनेछ ।
- स्रोतको अभावमा खानेपानीको सुविधाबाट बञ्चित गाउँ बस्तीहरुमा सम्भाब्यता अध्ययन गरी लिफ्ट प्रविधि वा अन्य सम्भाव्य प्रविधीबाट शुद्ध खानेपानी उपलब्ध गराउन आवश्यक पहल गरिनेछ ।
- नमूना समुदाय, नमूना योजनाका सूचकहरु तयार गरि सूचक पुरागर्ने समुदाय तथा योजनालाई प्रोत्साहन स्वरुप रु. २५ हजार सम्म पुरुस्कार प्रदान गरिनेछ ।
- खानेपानीको दिगोपनका लागि मुहान संरक्षण, घेरबार, बृक्षारोपण, पानी भरण पोखरी जस्ता बिभिन्न कार्यक्रमहरु संचालन गर्न बिशेष जोड दिईनेछ ।
- फोहरमैलाको दीर्घकालिन ब्यवस्थापनको लागि ठाउं-ठाउंमा सेनेटरी ल्याण्डफिल साईट निर्माण तथा प्रयोग गर्न समुदायलाई प्रोत्साहित गरिनेछ ।

- बजारक्षेत्र र सार्वजनिक स्थानहरुको फोहोरमैला व्यवस्थापनका लागि डस्टवीन तथा कन्टेनर राख्ने र प्रयोग गर्ने कामलाई अझ प्रभावकारी बनाईनेछ ।
- बजारक्षेत्र तथा सार्वजनिक स्थलहरुमा सार्वजनिक शौचालय निर्माण गरि प्रयोग गर्ने र गराउने कार्यलाई उच्च प्राथमिकता दिईनेछ । साथै एक घर, एक शौचालय अनिवार्य गरिनेछ ।
- गाउंपालिका अन्तर्गतका सबै विद्यालयहरुमा शुद्ध खानेपानी र शौचालयको प्रबन्ध मिलाईनेछ ।
- खानेपानी सरसफाइ तथा स्वच्छता, मर्यादित महिनावारी, घरबारी व्यवस्थापन तथा व्यवसायिक जिविकोपार्जन प्रवर्द्धन कार्यको लागि स्थानीय स्तरमा सहजकर्ताहरु उत्पादन तथा परिचालन गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

**५. कृषि तथा पशुपंक्षी विकासः**

- आधुनिक र व्यावसायिक कृषि प्रणालीको माध्यमद्वारा कृषि उत्पादन तथा उत्पादकत्वमा बृद्धि गरी स्थानीय समुदायहरुको आर्थिक तथा सामाजिक विकासमा विशेष जोड दिईनेछ ।
- सरकारी निकायहरु, दातृ निकायहरु एवं गैरसरकारी संघसंस्थाहरु संगको समन्वय र सहकार्यमा "एक गाउँ, एक उत्पादन" कार्यक्रम कृषि क्रान्तीको रुपमा सञ्चालन गरिनेछ । यस् अन्तर्गत् व्यवसायिक फलफूल खेति, तरकारी खेति, मसला खेती, जर्सीगाई पालन, बाख्रापालन, बंगुरपालन, कुखुरापालन, मौरीपालन, मत्स्यपालन लगायत अन्य कृषि तथा पशुजन्य व्यवसायका लागि पकेट क्षेत्रको रुपमा कार्यान्वयन र विकास गर्न बिशेष जोड दिईनेछ, साथै यस्ता कृयाकलापमा युवा जनशक्तिलाई आबद्ध गराई रोजगारी श्रृजनाका साथै उत्पादन र उत्पादकत्व बृद्धी गर्न जोड दिईनेछ ।
- "अध्यक्ष नमुना कृषक कार्यक्रम" लाई निरन्तरता दिईनेछ, यस अन्तर्गत समुदायको पोषण तथा जीविकोपार्जनको अवस्थामा सुधार ल्याउन प्रत्येक घरघरमा घरबारी र सम्भाब्यताको आधारमा कृषि उत्पादन पकेटक्षेत्रहरु विस्तार गरिनेछ ।
- कृषकहरुलाई आवश्यक बोट बिरुवा सहजरुपमा आपूर्ति गर्नका लागि उन्नत स्तरको बहुउद्देश्यीय नर्सरी यसै बर्ष स्थापना गरिने छ ।
- स्थानीय स्तरमा मल, बीउ, औषधी, उपकरण, आदी बिक्रि केन्द्र सञ्चालन गर्ने कार्यमा सहकारी, समुह तथा फर्महरु लाई प्रोत्साहित गरिनेछ । साथै, बिउ उत्पादन, बजारीकरणका साथै कृषि सामाग्रीको सहज आपूर्तिको लागि कृषि उपज संकलन तथा भण्डारणको लागि कोल्ड स्टोर निर्माण, रष्ट्रिक स्टोर निर्माण, एग्रोभेट केन्द्र

सञ्चालन गर्ने कार्य गरिनेछ । सो प्रयोजनको लागि नीजि क्षेत्र तथा सहकारीहरुलाई प्राथमीकताका साथ परिचालन गर्ने नीति लिइने छ ।

- अर्गानिक मह उत्पादन क्षेत्रको रुपमा परिचित यस गाउँपालिकालाई मौरीपालन पकेट क्षेत्रको रुपमा विकास गर्न र मह प्रशोधन केन्द्र स्थापना तथा सञ्चालनका लागि आवश्यक पहल गरिनेछ ।
- गाउँपालिका अन्तरगत कृषि अनुसन्धान तथा विकासकालागि माटो परीक्षण, प्रबिधी हस्तान्तरण लगायत सहुलियत दरमा कृषियन्त्र, मल, बिउ, औषधी आदीको व्यवस्था मिलाउन आवश्यक पहल गरिनेछ ।
- अगुवा कृषकहरु लगायत युवा जनशक्तिलाई ब्यवसायिक कृषि तथा पशुपालन सम्बन्धी क्रियाकलापहरुमा आबद्ध गराई रोजगारी श्रृजना गर्नुकासाथै आयआर्जन बृद्धि गर्न विशेष अनुदान, सहुलियत कर्जा, प्रबिधी एवं तालिमको व्यवस्था मिलाउन आवश्यक पहल गरिनेछ ।
- कृषकहरुको हौसला बृद्धी गर्न कृषि प्रदर्शनी मेलाको आयोजना गरिनेछ ।

**६. सिंचाई, पानी तथा  जलाधार क्षेत्र संरक्षणः**

- गाउँपालिका अर्न्तगत बिगत देखि संचालित कुलो, नहर, पोखरी लगायतका सिंचाई सुविधाको संरक्षण, सम्बर्द्धन र मर्मत सम्भारका साथै स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- साना सिंचाई आयोजनाहरुको आवश्यकता पहिचान, सम्भाव्यता अध्ययन गरी प्राथमिकताक्रम निर्धारण गरी स्रोतको आधारमा कार्यान्वयन गरिनेछ, र ठूला सिंचाई आयोजना कार्यान्वयनका लागि संघीय तथा प्रदेश सरकारका सम्बन्धित निकायमा समन्वय र पहल गरिनेछ ।
- पानीका श्रोत संरक्षण तथा उपयोग सम्बन्धि नीति निर्माण गरि कार्यान्वयन गरिनेछ । साथै विकास निर्माणका कार्य गर्दा वातावरणीय प्रभाव अध्ययन गरि पानीका श्रोत तथा वातावरणमा प्रतिकुल असर नपुग्ने गरि मात्रै गरिनेछ ।
- सिचाई सुबिधा बिस्तार गर्नु पर्ने बस्तीहरुको आवश्यता, श्रोत तथा सम्भाव्यता हेरी कुलो, नहर,पोखरी, लिफ्ट सिंचाई, थोपा सिंचाई आदि  विविध प्रविधीमा आधारित सिंचाई सुविधा निर्माणगर्न आवश्यक पहल गरिनेछ ।
- वडा नं. ८ को द्वालीखेत सिंचाई योजना निर्माण सम्पन्न गरिनेछ, साथै, अन्य योजनाहरुको पनि आवश्यक्तानुसार डीपीआर तयार गरि अघि बढाईनेछ ।

## ७. वन तथा वातावरण संरक्षणः

- गाउँपालिका कार्यालय अन्तर्गत् वन तथा वातावरण शाखा स्थापना गरिनेछ, र उक्त शाखा मार्फत् वन तथा वातावरण संरक्षण र उपयोग सम्बन्धि आवश्यक योजना कार्यक्रहरु सञ्चलन गरिनेछ ।
- विभिन्न निकाय तथा संघसंस्थाहरु संग समन्वय गरि आगामी आर्थिक बर्षलाइ बृक्षारोपण बर्षको रुपमा मनाईने छ । यस अन्तरगत् अभियान सञ्चालन गरि विभिन्न सार्वजनिक स्थलहरु, खाली क्षेत्र र विशेष गरी निर्माण गरिएका सडक किनाराहरुमा बृक्षारोपण अभियान सञ्चालन गरिनेछ ।
- वन तथा वातावरणको संरक्षण, सम्बर्द्धन तथा दिगो उपयोग र बिकासका लागि नेपाल सरकारका सम्बन्धित निकायहरु संगको समन्वयमा सामुदायिक वन उपभोक्ता समूहको क्षमता अभिबृद्धिका साथै वन व्यवस्थापन र वन उपयोग नीति तथा कार्यक्रम बनाई कार्यान्वयन गर्न पहल गरिनेछ ।
- निजी वन, कबुलियती वन, धार्मिक वनको अवधारणा प्रभावकारी रुपमा कार्यान्वयन गर्न सम्बन्धित निकायमा आवश्यक समन्वय र पहल गरिनेछ ।
- यस क्षेत्रमा रहेका अमूल्य र दुर्लभ बनस्पति तथा बन्यजन्तुहरुको संरक्षणका लागि आवश्यक पहल गरिनेछ ।
- यस गाउंपालिकाको उत्तरी तथा पूर्वी क्षेत्रमा रहेको महाभारत वन क्षेत्रलाई **महाभारत संरक्षित वन** घोषणा गरि कार्यान्वयन गर्न नेपाल सरकारका सम्बन्धित निकायमा आवश्यक पहल गरिनेछ ।
- बाढी, पहिरो,नदी कटान, भूस्खलन आदीबाट बर्षेनी हुने क्षति रोक्न जोखिमयुक्त स्थान/क्षेत्रहरुको सर्वेक्षण, अध्ययन गरी आवश्यक योजना बनाई कार्यान्वयन गरिनेछ ।
- सुनखोला र रंगुन नदीको सुनखोला-घुम्ती-कालाकोट खण्डमा तटबन्ध निर्माणकोलागि तयार गरिएको डी.पी.आर. कार्यान्वयनकालागि संघीय तथा प्रदेश सरकारका सम्बन्धित निकायमा आवश्यक पहल गरिनेछ ।

## ८. विपद् व्यवस्थापनः

- गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समितिलाई सशक्त र क्रियाशील बनाईनेछ, गाउंपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गरि कार्यान्वयन गरिनेछ । यसै गरि, दैवी प्रकोपजन्य घटना न्यूनिकरण गर्न सरोकारवाला निकाय तथा संघसंस्थाहरु सँगको समन्वय र सहकार्यमा विपद् व्यवस्थापन सँग सम्वन्धित आवश्यक सामाग्रीहरु जगेडा राखिनुका साथै वार्ड स्तरमा विपद व्यवस्थापन कार्यदल गठन तथा परिचालन गरिनेछ ।

- कोभिड-१९ लगायत अन्य विपद रोकथाम, नियन्त्रण तथा व्यवस्थापनको लागि गाउंपालिकाको प्रकोप व्यवस्थापन कोष परिचालन गरिनेछ, र विपद् तथा महामारी व्यवस्थापनका लागि परिस्थिति एवं आवश्यक्तानुसार तत्काल योजना तथा कार्यक्रम बनाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

## ९. भौतिक पूर्वाधार विकासः

- सबै वडा एवं बस्तीलाई सडक सञ्जालले जोडने नीति अनुरुप ट्रयाक कटिङ्ग भई आंशिक तथा पूर्णरुपले यातायात सुचारु भएका सबै सडकहरुको मर्मत, स्तरोन्नति तथा विस्तार कार्यलाई निरन्तरता दिईनेछ, साथै ट्रयाक कटिङ्ग गर्न अधुरा रहेका सडकहरुलाई बिशेष प्राथमिकता दिई कार्यान्वयन गरिनेछ ।
- सडक निर्माण कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन निर्माण पूर्व सडकहरुको डी.पी.आर. वा सर्वे, डिजाईन र लागत इष्टिमेट तयार गरेर मात्रै निर्माण कार्य सञ्चालन गरिनेछ । साथै, सडकहरु निर्माण गर्दा वन तथा वातावरणीय अवस्थालाई बिशेष ध्यान पुऱ्याईनेछ, साथै निर्माण पश्चात् बृक्षारोपण अनिवार्य गरिनेछ ।
- विभिन्न सडक मार्गमा पर्ने नदी/खोलाहरुमा सडक पूल निर्माण गर्ने हाम्रो दीर्घकालिन लक्ष्य रहेकोछ, यस अन्तर्गत्गोदामबजार देखि गाउँपालिका बीचको सुनखोलामा निर्माणधिन सडकपूलको करिब ८० प्रतिशत निर्माण कार्य सकिएको अवस्था छ, घुम्तीबजार- आलिताल पर्यटन सडकको रंगुन नदीमा पनि सडकपुलको डीपीआर तथा माटो परीक्षण गरिनेछ, यसैगरी आलिताल-गांखेत सडकको मणेलाघाट, ढाड्डुखोला, जालटुंडा- ग्वान्नी सडकको रज्यौडा खोला,घरेलु-खिन्नेभाडी सडकको भाडी खोला लगायत अन्य आवश्यक खोलामा पक्कीपुल निर्माणकालागि सम्बन्धित निकायमा आवश्यक पहल गरिनेछ ।
- गाउंपालिका अन्तरर्गत् आवश्यक स्थानहरुमा ठूला-साना झोलुंगे पूल निर्माणका लागि सम्बन्धित निकायमा आवश्यक पहल गरिनेछ ।
- गाउंपालिकाको प्रशासकीय भवनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा डी.पी.आर.सहित अनुदान माँग गरि प्रस्तावना पेश भई स्वीकृत भैसकेको, र आगामी आ.व.मा संघीय सरकारको ६० प्रतिशत र गाउंपालिकाको ४० प्रतिशत लागतमा सम्पन्न हुनेगरि प्रशासकीय भवनको निर्माण कार्यको पहिलो चौमासिकमै टेण्डर आव्हान गरि निर्माणकार्य शुरु गरिनेछ ।
- चालु आ.व. मा सञ्चालित वडा नं. १,३,४ र ८ का ४ वटा वडा कार्यालय भवन निर्माण सम्पन्न तथा हस्तान्तरण भई नयां भवनमा वडा कार्यालय सञ्चालन

गरिनेछ, र बांकी वडा कार्यालयहरुका भवन निर्माणको लागि आवश्यक स्रोत व्यवस्थापन गर्न सम्बन्धित निकायमा आवश्यक पहल गरिनेछ ।

## १०. उद्योग, पर्यटन विकास तथा स्थानीय कला संस्कृति संरक्षणः

- गाउँपालिका क्षेत्रभित्र उपलब्ध स्रोत साधनहरुको अध्ययन, अनुसन्धान तथा नियमन गरी निजी लगानीमा उद्योग ब्यवसाय सञ्चालन गर्न लगानीमैत्री वातावरण सृजना गरी स्थानीय स्तरमा रोजगारीका अवसर श्रृजना गर्न बिशेष पहल गरिनेछ ।
- स्थानिय श्रोत साधन तथा कच्चा पदार्थमा आधारित विभिन्न साना तथा मझौला किसिमका कृषि तथा पशुजन्य उद्योगहरु जस्तैः अचार/ जुश/ जाम/ शस्/ चिप्स/ नमकिन/आईसक्रिम उद्योग, मसला उद्योग, डेरी उद्योग, बेकरी उद्योग, मिठाई, साबुन, अगरबत्ती,आरन, मुर्ति निर्माण,सिलाईकटाई आदी जस्ता उद्योगधन्दाहरु सामुहिक तथा व्यक्तिगत् रुपमा सञ्चालन गर्न बिशेष प्रोत्साहित गरिनेछ, त्यस्ता उद्योग सञ्चालनकालागि सशर्त अनुदान तथा सहुलियत कर्जाको व्यवस्था मिलाईनेछ। त्यसैगरि, वन पैदावारमा आधारित उद्योगहरु जस्तैः जडीबुटी संकलन तथा प्रशोधन उद्योग, खोटो संकलन तथा प्रशोधन उद्योग, सः मिल, फर्निचर तथा काष्ठ उद्योग, पानी प्रशोधन उद्योग आदी संचालनका लागि निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।
- गाउँपालिका क्षेत्रमा खेर गई रहेका ढुंगा, गिट्टी, बालुवा जस्ता प्राकृतिक श्रोतको संरक्षण, सम्बर्द्धन र उपयोग गरी गाउँपालिकाको आर्थिक श्रोत बृद्धिका साथै रोजगारी श्रृजना गर्न क्रसर उद्योग, ब्लक, ह्युमपाईप तथा बिद्युतिय पोल निर्माण जस्ता उद्योग स्थापनाको लागि निजीक्षेत्रलाई आव्हान गरिनेछ ।
- संघीय तथा प्रदेश सरकारका सम्बन्धित मन्त्रालय, विभाग र निकायहरु लगायत अन्य संघसंस्थाहरु संगको समन्वय र सहकार्यमा "आलिताल" को संरक्षण तथा विकासका लागि तयार गरिएको डी.पी.आर.कार्यान्वयन अगाडी बढाईनेछ ।
- गाउँपालिका अन्तर्गत् पर्ने महाभारत भागेश्वर, घण्टेश्वर क्षेत्र, जोसिना झरना, शहीद भीमदत्त पन्तको बीरगति प्राप्त स्थान गल्लेक आदि ठाउँहरुलाई ऐतिहासिक तथा धार्मिक पर्यटन क्षेत्र घोषणा गरी पर्यटन प्रवर्द्धनकालागि आवश्यक पहल गरिनेछ ।
- गाउँपालिका अन्तरगत रहेका विभिन्न देवी देवताका मन्दिर तथा धार्मिक स्थलहरुको संरक्षण, सम्बर्द्धन र विकासका लागि आवश्यक पहल गरिनेछ ।
- स्थानीय कला संस्कृतिको संरक्षण, संबर्द्धन र विकासका लागि समय सापेक्ष विभिन्न क्रियाकलापहरु सञ्चालन गरिनेछन ।

- होमस्टे सेवा प्रबर्द्धनको लागि पाहुना स्वागत सामुदायिक भवन निर्माण सम्पन्न गरि सञ्चालनमा ल्याईनेछ ।

**११. बिद्युत तथा उर्जा:**

- गाउँपालिका अन्तर्गत् विद्युत सुविधाबाट बञ्चित वडा तथा गाउँ बस्तीहरुमा यथासक्य शीघ्र बिद्युत सुविधा पुऱ्याउन नेपाल विद्युत प्राधिकरण सँग आवश्यक समन्वय गरि विद्युत लाईन विस्तार, मर्मत तथा विद्युतिकरण कार्यलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गराइनेछ ।
- पर्यटकीय क्षेत्र "आलिताल" मा विद्युतिकरण गरिनेछ, यसै गरि गाउँपालिकाको कार्यालयमा ट्रान्स्फर्मर सहित थ्रीफेस लाईन जडान गरिनेछ ।
- बजारक्षेत्र, धार्मिक स्थलहरु तथा अन्य सार्वजनिक स्थानहरुमा सौर्य बत्ती जडान गर्न आवश्यक पहल गरिनेछ, साथै विभिन्न संघसंस्था र स्थानीय समुदायसँगको सहकार्यमा नवीकरणिय तथा बैकल्पिक उर्जा सम्बन्धीयोजना तथा कार्यक्रमहरु ( सोलार सिस्टम, बायो ग्यास, गोबरग्यांस आदि) सञ्चालन गरि उर्जा संकट न्युनिकरण गर्न आवश्यक पहल गरिनेछ ।

**१२. सूचना तथा सञ्चार:**

- नेपाल दूर सञ्चार संस्थान संग समन्वय गरि गाउँपालिका अन्तर्गत आवश्यक पर्ने ठाउँमा दूरसञ्चार टावर निर्माण गर्न र सञ्चार सेवा सर्वसुलभ र प्रभावकारी बनाउन आवश्यक पहल गरिनेछ ।
- नेपाल दूर सञ्चार संस्थान तथा प्राईभेट कम्पनीहरु मार्फत गाउँपालिकाको ईन्टरनेट सेवा भरपर्दो र प्रभावकारी बनाईनेछ ।
- गाउँपालिका क्षेत्रभित्र एफ.एम.तथा पत्रपत्रिका सञ्चालन गर्न इच्छुक व्यक्ति तथा संघ संस्थाहरुलाई प्रोत्साहित गरिनेछ र नियमानुसार अनुमति प्रदान गरिनेछ ।
- गाउँपालिकाको आन्तरिक प्रशासन सुधार, घरनक्सा, जिन्सी, राजश्व संकलन, पञ्जिकरण आदि व्यवस्थापनकालागि कार्य सञ्चालन अझ छिटोछरितो र प्रभावकारी बनाउन सफ्टवेयर प्रणाली लागु गरिनेछ ।
- गाउँपालिका कार्यालयमा सूचना शाखा तथा सूचना अधिकारीको व्यवस्था गरी सूचना प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाईनेछ ।

**१३. भूमी व्यवस्थापन तथा प्रयोग:**

- गाउंपालिका कार्यालयमा जनशक्ति सहितको भूमी सम्बन्धी लगत संकलन एकाई स्थापना गरिनेछ, र सो मार्फत् गाउंपालिका अन्तर्गत रहेका भूमीहिन दलित,

भूमीहिन सुकुम्बासी र अव्यवस्थित बसोबास भएका जग्गा जमिनहरु नियमानुसार सम्बन्धित ब्यक्तिको नाउंमा नाप नक्सा गरि प्रमाणपुर्जा उपलब्ध गराउन बिशेष तदरुकताका साथ कार्यान्वयन गरिनेछ ।

- आलिताल-५ भिमदत्तपुर स्थित गाउँपालिका कार्यालयले भोगचलन गर्दै आएको सार्वजनिक जग्गा नियमानुसार गाउँपालिका कार्यालयको नाममा स्वामित्व कायम गर्न आवश्यक पहल गरिनेछ । उक्त क्षेत्रमा गाउँपालिका कार्यालय, विभिन्न विषयगत सार्वजनिक कार्यालयहरु, सभाहल, कर्मचारी आवास, हेलीप्याड, खुल्ला मञ्च, प्रहरी चौकी आदी महत्वपूर्ण सार्बजनिक संरचनाहरु निर्माण सहित गाउँपालिका सदरमुकामको रुपमा विकास गर्न तयार गरिएको डी.पी.आर. तथा आइ.ई.ई प्रतिवेदन उच्च प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।
- विभिन्न सामुदायिक संघ, संस्था, विद्यालय, बजार क्षेत्र, मठ मन्दिर, चौतारो आदिले भोगचलन गरेको जग्गाहरु छुट्याई नियमानुसार सम्बन्धित संघ संस्थाको नाममा स्वामित्व कायम गर्न सम्बन्धित निकायमा आवश्यक पहल गरिनेछ ।
- गाउँपालिका अन्तर्गत रहेका भूमिहिन, मुक्तहलिया तथा सुकुम्बासीहरुको पहिचान तथा तथ्यांक अद्यावधिक गरी उनीहरुको उत्थानका लागि आवश्यक पहल गरिनेछ ।
- गाउंपालिका अन्तर्गत बांझो अवस्थामा रहेका जग्गाको तथ्यांक संकलन गरि त्यस्ता जग्गालाई आवादी गरि उत्पादन र उत्पादकत्व बृद्धि गर्ने सम्बन्धमा आवश्यक कार्यविधी बनाई कार्यान्वयन गरिनेछ ।

## १४. शान्ति सुरक्षा तथा सामाजिक न्यायः

- गाउँपालिका अन्तर्गत् शान्ति, अमनचयन र जनताको जीउधनको सुरक्षाको निमित्त स्थानीय सुरक्षा निकायहरुलाई थप व्यवस्थित, क्रियाशील र जनमुखी बनाईनेछ ।
- गाउँपालिकाको स्रोतसाधन तथा आवश्यकताको आधारमा गाउँ प्रहरी तथा सुरक्षा स्वयम्सेवकहरु भर्ना गरि परिचालन गरिनेछ ।
- समुदायमा हुने विभिन्न खाले घटना तथा मुद्दा ममिलाहरु यथासमयमा निष्पक्ष र न्यायोचित ढंगबाट छिनोफानो गरी जनतालाई सुशासन र न्यायको प्रत्याभुति दिलाउन गाउँपालिकाको न्यायिक समिति तथा सामुदायिक मेलमिलापकर्ताहरुको क्षमता अभिबृद्धी गर्दै उनीहरुको भूमिकालाई थपप्रभावकारी बनाईनेछ ।
- समाजमा विद्यमान जुवातास, मदिरा लगायत विभिन्न अवैध लागु पदार्थ र अन्य अवैध क्रियाकलापहरुको नियमन, नियन्त्रण र निषेध सम्बन्धमा स्थानीय जनताको राय, सल्लाह र सुझाव बमोजिम आवश्यक नियम, कार्यविधि बनाई कार्यान्वयन गरिनेछ ।

## १५. बस्ती बिकास तथा बजारीकरणः

- गाउँपालिका अन्तर्गत् एकिकृत बस्ती बिकास तथा बजारीकरण योजनाको सम्भाव्यता अध्ययन लगायत आवश्यक पूर्वाधारहरुको मापदण्डहरु निर्धारण गर्ने कार्यको थालनी गरिनेछ ।
- यस गाउंपालिकाको वडा नं. ८ बडचौरमा रहेका अल्पसंख्यक बादी समुदायका ७ वटा घरपरिवारको एकिकृत नमूना बस्ती विकास गर्ने गरि विभिन्न निकाय तथा संघसंस्था संगको समन्वयमा आवास निर्माण योजना लागु गरिनेछ ।
- भवन निर्माण आचार संहिता लागु गरि गाउँपालिका अन्तरगत निर्माण गरिने सार्वजनिक तथा नीजि भवन/घरहरु निर्माण गर्नु पूर्व गाउँपालिका कार्यालयबाट अनिवार्य रुपमा नक्सा पास गराई निर्माण अनुमति लिने व्यवस्था मिलाइनेछ ।
- गाउँ बस्तीस्तरमा टोल विकास संस्था निर्माण तथा परिचालन गरी सरसफाइ लगायत अन्य विकासका क्रियाकलापहरु सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।

## १६. बजार नियमन तथा उपभोक्ता हित संरक्षणः

- गाउँपालिका अन्तरगत सञ्चालनमा रहेका र सञ्चालन हुने सम्पूर्ण उद्योग तथा व्यापार व्यवसायहरु अनिवार्य रुपमा गाउँपालिका कार्यालयमा दर्ता एवं नवीकरण गर्ने व्यवस्था मिलाई नियमन गरिनेछ ।
- उपभोक्ताहरुको हित तथा अधिकार संरक्षण र सम्बर्द्धनको लागि अनुगमन समिति मार्फत् बजार अनुगमन गर्ने, उपभोक्ता जागरण अभियान संचालन गर्ने र उपभोक्तालाई अनावश्यक ठगीबाट बचाउन प्रत्येक पसलमा अनिवार्य मूल्य सूचि राख्ने ब्यवस्था मिलाईनेछ ।
- मदिराजन्य र सुर्तिजन्य पदार्थको बिक्री वितरण तथा उपभोग ब्यवस्थित बनाउन आवश्यक नीति तथा कार्यविधी बनाई लागु गरिनेछ ।

## १७. स्थानीय कर संकलन तथा स्रोत बृद्धिः

- सम्पूर्ण उद्योग धन्दा तथा व्यापार ब्यवसायहरुलाई अभिलेखिकरण गरी कानून बमोजिम कर निर्धारण गरी राजश्वका श्रोतहरु बृद्धि गरिनेछ ।
- कानुन बमोजिम स्थानीय तहबाट उठाईने मालपोत, घरकर, राजश्व, शुल्क, दस्तुर आदि व्यवस्थित र नियमन गरि राजश्व संकलनलाई प्रभावकारी र पारदर्शी बनाइनेछ ।
- नियमित रुपमा कर तिर्ने र कर छली गर्नेलाई प्रोत्साहन र दण्ड जरिवानाको व्यवस्था गरिनेछ ।

- गाउँपालिका क्षेत्रबाट निकासी हुने प्राकृतिक तथा सार्वजनिक बस्तुहरुमा समय सापेक्षित कर निर्धारण तथा संकलन गरी गाउँपालिकाको आन्तरिक श्रोत बृद्धि गरिनेछ ।
- गाउँपालिका अन्तर्गत् नदीजन्य पदार्थहरु (ढुंगा, गिट्टी, बालुवा) को उत्खनन तथा संकलन सम्बन्धमा स्वीकृत **प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन** बमोजिम ढुंगा,गिट्टी,बालुवा उत्खनन, प्रयोग तथा बिक्रिको लागि नियमानुसार बोलपत्र आह्वान गरिनेछ, र नदीजन्य पदार्थको अवैध उत्खनन तथा चोरी निकासीमा प्रतिबन्ध लगाईनेछ ।
- स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ (ख) बमोजिम गाउँपालिका अन्तर्गतका सामुदायिक वनहरुमा संकलन हुने काठ दाउरा बिक्रिबाट प्राप्तहुने राजश्वको १० प्रतिशत् रकम गाउंपालिकाको आन्तरिक स्रोत खातामा दाखिला हुने व्यवस्था मिलाईनेछ ।

## १८. सहकारी तथा स्वरोजगार:

- गाउँपालिका अन्तर्गत गठन तथा दर्ता भएका सहकारी संस्थाहरुलाई नियमन गरि संस्थागत् विकास तथा क्षमता अभिबृद्धी गर्दै लगिनेछ ।
- सहकारी संस्थाहरुलाई व्यवस्थित र बलियो बनाउन संख्यात्मक रुपमा मात्रै धेरै देखिने सहकारी संस्थाहरुलाई समायोजन (मर्ज) गर्न पहल गरिनेछ ।
- गाउँपालिका अन्तर्गत रहेका बेरोजगार युवा, युवतीहरुको तथ्यांक संकलन गरी उनीहरुको सीप, योग्यता र क्षमता अनुसार रोजगारीको व्यवस्था गर्न पहल गरिनेछ ।
- रोजगारी श्रृजनाकालागि विभिन्न सरकारी निकाय, गैसस तथा नीजिक्षेत्र संगको समन्वय र सहकार्यमा स्थानीय युवा युवतीहरुलाई विभिन्न सीपमुलक तथा स्वरोजगार सम्बन्धी तालिमहरु (जस्तै: प्लम्बिङ, मोबाईलमर्मत, ईलेक्ट्रोनिक, अटोमोबाईल, ड्राईभिङ, ब्युटिसियन, हेयर कटिङ आदी) मा संलग्न गरि रोजगारी श्रृजना गर्न आवश्यक पहल गरिनेछ ।
- गाउँपालिका क्षेत्रमा श्रृजना हुने रोजगारीका अवसरमा स्थानीय युवा-युवतीहरुलाई विशेष प्राथमिकता प्रदान गरिनेछ ।
- लघु तथा साना उद्योगहरु सञ्चालन गर्ने नीजिक्षेत्र तथा समुहहरुलाई सहुलियत तथा प्रोत्साहन स्वरुप अनुदान, प्रबिधि तथा सहुलियत ऋणको व्यवस्था मिलाउन पहल गरिनेछ ।
- बेरोजगार र प्रवासबाट फर्केका युवाहरुलाई व्यावसायिक कृषि तथा पशुपालनमा उत्प्रेरित गर्न नमूना कृषि तथा पशुपालन फार्म सञ्चालन गर्न प्रतिबद्ध व्यक्ति वा

समुहलाई बिशेष अनुदान, प्रबिधी लगायत अन्य आवश्यक सहयोग उपलब्ध गराई प्रोत्साहित गरिनेछ ।

## १९. सामाजिक सुरक्षा कार्यक्रमः

- जेष्ठ नागरिक, एकल महिला, अपांग, दलित, अल्पसंख्यक आदि वर्गले नेपाल सरकारबाट प्राप्त गर्ने सामाजिक सुरक्षा भत्ता सम्बन्धित नागरिकको बैंक खाता मार्फत् सहज रुपमा उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।
- ६० देखि ७० बर्ष उमेर समूहका बिदुर तथा एकल पुरुषहरुलाई मासिक रु. १ हजारका दरले समाजिक सुरक्षा तथा निर्वाह भत्ता गाउँपालिकाबाट उपलब्ध गराईनेछ ।
- द्वन्द्व पीडित व्यक्ति तथा परिवारहरुलाई राहतका लागि आवश्यक पहल गरिनेछ ।
- लक्षितवर्गहरुको बर्गीकरण गरी परिचयपत्र उपलब्ध गराउने कार्यको थालनी गरिनेछ ।
- बृद्धबृद्धासंग अध्यक्ष कार्यक्रम सञ्चालन गरिनेछ, यस अन्तर्गत् समाजिक सुरक्षा भत्ता प्राप्त गर्ने नागरिकहरुको जीवनयापनमा सहयोग पुग्ने बस्तु तथा सेवा सहित बृद्धबृद्धाहरुलाई सम्मान गरिनेछ ।

## २०. महिला तथा वालवालिकाः

- महिला तथा किशोरीहरुको आत्मसम्मानको रक्षा गर्दै सुरक्षित र स्वच्छ तरिकाले बाँच्न पाउने अधिकारको सुनिश्चितता र महिनावारी भएको समयमा अपनाइने विभिन्न हानीकारक अभ्यासहरु निर्मूल गरी महिला तथा किशोरीहरुको आत्मसम्मानको रक्षा गर्न गाउँपालिका उपाध्यक्षहरुको सम्मेलनले पारित गरेको मर्यादित महिनावारी स्वच्छता व्यवस्थापनको धनगढी घोषणा पत्र कार्यान्वयनको लागि आवश्यक व्यवस्था मिलाइने छ ।
- लैंगिक हिंसा बिरुद्ध विभिन्न कार्यक्रमहरुका साथ अभियान सञ्चालन गरिनेछ ।
- गाउँपालिका अन्तर्गत् गठित महिला सञ्जालहरुको संस्थागत् विकास, क्षमता अभिबृद्धी लगायत काम, कर्तब्य र अधिकार सम्बन्धि विभिन्न योजना कार्यक्रमहरु तर्जुमा गरि कार्यान्वयन गरिनेछ ।
- एकल महिलाहरुको लागि बिशेष योजना कार्यक्रमहरु बनाई कार्यान्वयन गरिनेछ ।
- उपाध्यक्ष किशोरी शसक्तिकरण कार्यक्रम सञ्चालन गरिनेछ, यस अन्तर्गत आधारभूत तथा माध्यमिक तहका छात्राहरुलाई कानुनी साक्षरता कक्षा सञ्चालन गरिनेछ, साथै महिनावरी हुने सबै छात्राहरुलाई आवश्यक्तानुसार सेनेटेरी प्याड निःशुल्क उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।

## २१. लक्षित बर्ग (दलित, जनजाती, अपाङ्ग, अल्पसंख्यक):

- दलित,आदिवासी जनजाती,अपांग, अल्पसंख्यक तथा पछाडी परेका लक्षित वर्गको उत्थान, संरक्षण र विकासका लागि आर्यआर्जन, सीप बिकास, तालिम, रोजगारी, व्यवसाय बिकास जस्ता विशेष योजना तथा कार्यक्रमहरु तर्जुमा गरि सञ्चालन गरिनेछ ।

## २२. दीर्घकालिन तथा ठुला योजना तथा कार्यक्रम:

आदरणिय सभाध्यक्ष ज्यु तथा सभासद् मित्रहरु,

यस गाउँपालिका अन्तरगत् चुनौतिको रुपमा रहेका अत्यावश्यक र गाउँपालिकाको श्रोतबाट कार्यान्वयन गर्न नसकिने (अनुसूची) मा उल्लेखित ठूला तथा दीर्घकालिन योजना तथा कार्यक्रमहरु क्षेत्रगत् रुपमा प्राथमिकीकरण गरी कार्यान्वयनका लागि जिल्ला समन्वय समिति, प्रदेश सरकार तथा संघीय सरकारका विभिन्न मन्त्रालय तथा विभागहरुमा माँग अनुरोध गरी पठाउने प्रस्ताव गरिएको छ ।

गाउँपालिका तथा वडा स्तरबाट सञ्चालन गरिएका विभिन्न क्रमागत् योजनाहरुलाई निरन्तरता दिदै सम्पन्न गर्ने, कोभिड-१९ संक्रमणको आतंकबाट बिक्षिप्त समुदायको खाद्य सुरक्षा हुने, प्रबासबाट फर्केका र अन्य बेरोजगार युवाहरुकालागि रोजगारी श्रृजना हुनसक्ने खालका योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने प्रस्तावित बजेटको लक्ष्य रहेकोछ ।

हाम्रा आवश्यक्ता असिमित छन् तर श्रोतसाधन सीमित छन् । संघीय सरकार र प्रदेश सरकारका अन्तर सरकारी बित्तिय हस्तान्तरण अन्तर्गत प्राप्तहुने अनुदान नै हाम्रो मुख्य स्रोत हो । यसरी प्राप्त हुने सीमित स्रोतबाट जनताका असिमित आवश्यताहरुको परिपूर्ति गर्न हामीलाई चुनौतिको विषय बनेकोछ । त्यसकारण प्रस्तावित बजेटमा संघीय सरकार र प्रदेश सरकारबाट प्राप्तहुने राजश्व बाँडफाँड र बित्तिय समानीकरण अनुदानको अतिरिक्त दुवै सरकारबाट समपुरक अनुदान र बिशेष अनुदान सहयोग समेत प्राप्त हुने र गाउँपालिकाको आन्तरीक राजश्वका दायरा बढाउदै आगामी आ. व. मा बिशेष गरी नदीजन्य पदार्थको सदुपयोग, अव्यवस्थित बसोबास जग्गा सिफरिश, सामुदायिक वन आदिबाट उल्लेख्य राजश्व संकलन हुने अपेक्षा सहित करिब रु. १ करोड ७१ लाख ४७ हजारको घाटा अथवा महत्वाकांक्षा सहितको बजेट बिनियोजन तथा अनुमान गरिएकोछ ।

आदरणिय सभाध्यक्ष ज्यु तथा सभासद् मित्रहरु,

नेपाली जनताले तिरेको करबाट नेपाल सरकारको ढुकुटीमा संकलन भई हामीलाई प्राप्त बजेटको सही सदुपयोग गर्ने तर्फ हामी सबैको ध्यान जान जरुरी छ । यसकालागि

यस गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरु, कर्मचारीहरु लगायत उपभोक्ता समितिहरु, विभिन्न संघसंस्थाहरु, मिडियाहरु र आम नागरिक समाज संवेदनशील र जिम्मेवार हुन मैले पटक-पटक आग्रह गर्दै आएको छु र आज पुनः आग्रह गर्न चाहन्छु । आलिताल गाउँपालिकाको विकास यहांका नागरिकको समृद्धि हामी सबैको साझा एजेण्डा हो र हुनेछ, साथै हामी सबै एकताबद्ध र गम्भीर भएर यसमा जुटनेछौ भन्ने आशा र विश्वास लिएको छु ।

अव म आगामी आ.व. २०७८/०७९ को लागि नेपाल सरकार तथा सु.प. प्रदेश सरकारबाट प्राप्त अनुदान तथा राजस्व र गाउँपालिकाको आन्तरीक आय प्रक्षेपण छोटकरीमा प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

**आ.व. २०७८/०७९ मा आय तर्फः** संघीय सरकार अर्थ मन्त्रालयबाट बित्तिय समानीकरण अनुदान अन्तरगत् रु. ८ करोड ८० लाख, राजस्व बाँडफाँडबाट रु ७ करोड ८६ लाख ९ हजार, सशर्त अनुदान तर्फ रु. २० करोड ३ लाख, समपुरक अनुदान रु. ३२ लाख, बिशेष अनुदान १ करोड ४९ लाख, यसैगरी, प्रदेश सरकार बाट बित्तिय समानिकरण अनुदान रु. ६० लाख २२ हजार, समपुरक अनुदान ८० लाख ६५ हजार, बिशेष अनुदान रु. ५० लाख र सवारी कर बांडफांड रु. १८ लाख १७ हजार, आ.व. २०७७/०७८ को आन्तरीक राजश्व आय प्रक्षेपण रु. ५० लाख, यस आ.व.को नगद मौज्दात अनुमान रु. १ करोड र सामाजिक सुरक्षा कार्यक्रम तर्फ अनुमानित रु. ५ करोड सहित आ.व.२०७८/०७९ को कुल बजेट रु. ४७ करोड ९ लाख १३ हजार मात्र अनुमान गरिएको छ ।

**त्यसैगरी आ.व. २०७८/०७९ को अनुमानित खर्च अन्तर्गतः**

**शसर्त अनुदान तर्फः** ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना तर्फ रु ३ करोड १४ लाख, झोलुंगेपुल क्षेत्रगत् कार्यक्रम तर्फ रु. २५ लाख, जनस्वास्थ्य तर्फ रु १ करोड ६७ लाख, आयुर्वेद तर्फ रु ३५ लाख, प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ रु. १ करोड ८० लाख, लघु उद्यम विकास तर्फ रु. ३० लाख,राष्ट्रिय ग्रामीण तथा नवीकरणिय उर्जा कार्यक्रम तर्फ रु १० लाख, कृषि विकास तर्फ रु ६७ लाख, पशु विकास तर्फ रु ५० लाख, बहुक्षेत्रीय पोषण कार्यक्रम तर्फ रु. ३० लाख, राष्ट्रिय परिचय-पत्र तथा पञ्जीकरण तर्फ रु. १८ लाख, महिला वालवालिका तर्फ रु. १ लाख, पर्यटन पूर्वाधार विकास तर्फ रु. १० लाख,शिक्षा विकास तर्फ रु. १० करोड ४८ लाख, गरिब घरपरिवार पहिचान कार्यक्रम तर्फ रु. १ लाख र सुरक्षित नागरिक आवास कार्यक्रम तर्फ रु. १७ लाख गरि कूल रु. २० करोड ३ लाख विनियोजन रहेकोछ ।

त्यसैगरी गाउँपालिकाको चालुखर्च तर्फ रु. ६ करोड ५३ लाख ३० हजार, वडा कार्यालयहरुको कार्यालय सञ्चालन चालु खर्च रु. ४० लाख,

**पुंजीगतखर्च तर्फः** प्रत्येक वडामा पुँजिगत् अनुदान रु ४० लाखका दरले रु ३ करोड २० लाख, कार्यालयको पुंजीगत खर्च ६५ लाख, र सामाजिक सुरक्षा तर्फ रु. ५ करोड, गाउँपालिका स्तरीय विभिन्न बिषयगत् योजना तथा कार्यक्रम अन्तर्गत रु १२ करोड ९९ लाख ६० हजार गरी जम्मा रु. २१ करोड ८४ लाख ६० हजार विनियोजन गरिएको छ ।
उक्त विनियोजन मध्येः सडक मर्मत तर्फ रु. १० लाख, खानेपानी तथा सरसफाई तर्फ लागत साझेदारी रु. १ करोड, गाउंपालिका प्रशासकीय भवन निर्माण तर्फ रु. १ करोड, उद्योग,वन तथा वातावरण संरक्षण तर्फ रु. १० लाख, कृषि तथा पशु विकासतर्फ रु. ६० लाख, शिक्षा, युवा तथा खेलकुद तर्फ रु. १ करोड ५० लाख, जनस्वास्थ्य तर्फ रु. ५० लाख, संस्कृति तथा पर्यटन प्रबर्द्धन तर्फ रु ५० लाख, लक्षित वर्ग कार्यक्रमतर्फ रु ८५ लाख, सूचना प्रविधी, भूमी सम्बन्धि शाखा रु. १५ लाख, चालु बर्षको योजना तर्फको दायित्व रु. ४० लाख, एमरेड संस्था साझेदारी रु. २० लाख, प्रकोप व्यवस्थापन कोष तर्फ रु. ५० लाख, युएनडीपी संग लागत साझेदारी रु. ७७ लाख, संघीय तथा गा.पा. समपुरक अनुदान रु. ६४ लाख, प्रदेश ताथ गा.पा. समपुक अनुदान रु. १ करोड ६१ लाख ३० हजार, न्यायिक समिति रु. ५ लाख, शान्ती सुरक्षा तर्फ रु. ३ लाख, भैपरी आउने पूंजीगत तर्फ रु ५० लाख, संघीय बिशेष अनुदान अन्तर्गत मातृ शिशु तथा वाल स्वास्थ्य कार्यक्रम तर्फ रु. ८३ लाख, प्रदेश बिशेष अनुदान रु. ५० लाख गरि कुल खर्च रु. ४८ करोड ८० लाख ६० हजार मात्र अनुमान गरेको छु । यसरी आगामी आ.ब.को बजेट आय तर्फ भन्दा ब्यय तर्फ करिब रु. १ करोड ७१ लाख ४७ हजारले बढी देखिन्छ ।

उक्त बजेट यस गाउँपालिकाले आ.व. २०७७/०७८ मा सञ्चालन गरेका क्रमागत योजनाहरु एवं गाउँपालिकाका गौरबका विशेष योजना तथा कार्यक्रमहरु लगायत स्थानीय आवश्यकता तथा मांग बमोजिमका योजना तथा कार्यक्रमहरु र विभिन्न सरकारी विषयगत् निकायहरु र दातृ संघसंस्थाहरु सँगको साझेदारीलाई बिशेष प्राथमिकतामा राखी सम्भाब्यताका आधारमा कार्यान्वयन गर्ने गरी बिनियोजन गरिएको छ ।

आदरणिय सभाध्यक्ष ज्यु तथा सभासद् मित्रहरु,
योजना तर्जुमा र बजेटको विनियोजनले मात्रै अपेक्षित नतिजा हासिल गर्न सकिँदैन, त्यसका लागि प्रभावकारी कार्यान्वयन, जनसहभगिता र अनुगमनको आवश्यकता पर्दछ । यस क्रममा सवै राजनैतिकदल, जनप्रतिनिधिहरु, नागरिक समाज, सरकारी कार्यालय, गैरसरकारी संघसंस्था, उपभोक्ता समिति, निर्माण व्यवसायी, उद्योगी

व्यापारी, समाजसेवी तथा आम कर्मचारीवर्ग सहित सम्पूर्ण गाउँपालिकावासी दाजु-भाइ दिदी-बहिनीहरुको साझा प्रतिवद्धता र प्रयास आवश्यक पर्दछ । यि सबै कुरामा सम्बन्धित सरोकारवालाहरु तथा दातृनिकाय र विभिन्न संघसंस्था सबैबाट सदा झै निरन्तर सहयोग प्राप्त भइरहने आशा एवं विश्वास लिएको छु ।

आदरणिय सभाध्यक्ष ज्यु तथा सभासद् मित्रहरु,

प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा प्राप्त मार्गदर्शन, सल्लाह, सुझाव र प्रेरणाका लागि राजनीतिक दलका साथीहरु, गाउँ कार्यपालिकाका सदस्य साथीहरु, राजस्व परामर्श समितिका सदस्य ज्यूहरु, श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिका सदस्यज्यूहरु, विषयगत् समितिका संयोजक तथा सदस्यज्यूहरु, सबैलाई हार्दिक धन्यवाद दिंदै नीति, कार्यक्रम तथा बजेट तर्जूमामा जस्तै बजेट कार्यान्वयनमा पनि सबैबाट सकारात्मक तथा सक्रिय सहयोग र सहकार्य हुने कुरामा विश्वस्त छु ।

अन्त्यमा,अति व्यस्त समयका बावजुद हाम्रो निमन्त्रणालाई स्वीकार गरी यस गाउँसभामा पाल्नुहुने सम्पूर्ण गाउँसभाका सभासद् ज्युहरु, कर्मचारी मित्रहरु लगायत उपस्थित सम्पुर्ण महानुभावहरु प्रति हार्दिककृतज्ञता सहित आभार व्यक्त गर्दछु ।

**धन्यवाद**

बजेटको अभावमा बार्षिक योजनामा समावेस गर्न नसकएिका, तथा संघीय तथा प्रदेश सरकार समक्ष बिशेष अनुदान मांग गरि कार्यान्वयन गर्नेगरि प्रस्ताव गरएिका योजनाहरुः

| भौतकि पुर्वाधार विकास तर्फ प्रस्तावित योजनाहरु (आ.व. २०७८/०७९) | | | |
|---|---|---|---|
| रकम रु. हजारमा | | | |
| सि.नं. | योजना | वडा | रकम |
| १ | उपरकोट देउवागाउं सडक | १ | २००० |
| २ | निकाने हर्तोला र्कषि सडक | १ | २००० |
| ३ | उणिकोट काफली कृषि सडक | २ | २००० |
| ४ | ढाडडु सुदुम शेला डाडाखर्क कृषि सडक | ३ | २००० |
| ५ | जिम्दारबाबा स्थान संरक्षण तथा विकास | ४ | २००० |
| ६ | मल्लोगोदाम-भावर पैदलमार्गको सुनखोलामा क्रस-वे निर्माण | ५ | २००० |
| ७ | बुडर दोबाटा सडक स्तरोन्नति | ६ | २००० |
| ८ | भाडी खिन्नेभाडी सडक स्तरोन्नति | ७ | २००० |
| ९ | मौरी हम्तड चक्रपथ | ८ | २००० |
| १० | स्यालचौडी शिव मन्दिर | ८ | २००० |
| | | जम्मा | २०००० |